# प्रकोप जोखिम न्यूनीकरण सम्बन्धमा जनघोषणा

विपद् प्रभावित समुदायको राष्ट्रिय सञ्जाल विपद्बाट प्रभावित तथा क्रमिक रूपले बढ्दै गरेको जोखिम प्रति सङ्कटासन्न मानिसको एक राष्ट्रिय चौतारी हो । यसले समावेशी प्रकृतिको समुष्ट जोखिम न्यूनीकरणलाई उजागर गर्दै विपद् सङ्कटासन्न जनता तथा मोटामोटी रूपमा मानवीय सुरक्षालाई सुनिश्चय गर्ने विपद् जोखिम न्यूनीकरणको लागि सुदृढ नीतिगत ढाँचाको आवश्यकतालाई वकालत गरेको छ ।

> निर्माणाधिन संविधानमा प्रकोप पीडित जनताको लागि चाहिने न्यूनतम सुविधा अधिकारका रूपमा व्यवस्था गरिनु पर्दछ । यसले विपद्प्रति संकटासन्न तथा प्रभावित मानिसलाई सुरक्षाको सुनिश्चय गर्दछ ।

## जन घोषणा

प्रकोपबाट पीडित, बढिरहेका महामारीबाट सङ्कटासन्न तथा विपद्को चपेटामा लगातार परेका हामी नेपाली जनता संयुक्त रूपमा निम्न अनुसारको प्रतिबद्धता व्यक्त गर्दछौं ।

१. विपद् जोखिम न्यूनीकरण जनताको नैसर्गिक अधिकार हो । निर्माणाधिन संविधानमा प्रकोप पीडित जनताका लागि चाहिने न्यूनतम सुविधा अधिकारका रूपमा व्यवस्था गरिनु पर्दछ । यसले विपद्प्रति संकटासन्न तथा प्रभावित मानिसलाई सुरक्षाको सुनिश्चय गर्दछ । अपाङ्गसहितका विभिन्न प्रकारले संकटासन्न मानिसहरूको आवश्यकतालाई समावेश गरी समुष्ट तथा समावेशी विपद् जोखिम न्यूनीकरणको नीति जनसमक्ष ल्याउन हामी नेपाल सरकारलाई आह्वान गर्दछौं ।

२. जनताका अधिकार उपयुक्त कानुनी र नीतिगत व्यवस्थाद्वारा सुरक्षित गर्न सकिन्छ । हामी प्रकोप व्यवस्थापन ऐन २०६३ (फरवरी २००७ मा सरकारबाट संशोधन भई पेश भएको) को व्यवस्थापिका संसदद्वारा तत्काल पारित भएको हेर्न चाहन्छौं ।

३. हामी विश्वास गर्दछौ कि प्रभावकारी शासन र समृद्ध राष्ट्र जनतालाई निर्णय प्रक्रियामा समावेश नगरी प्राप्त गर्न सकिँदैन । कुनै पनि प्रकोपको असर सबैभन्दा पहिले समुदायले भोग्छ र प्रतिक्रिया दिन्छ । हामी आह्वान गर्दछौं कि सरकारले नीतिगत कार्यसंरचनाको निर्माण गरोस् र प्रकोप पीडित जनताको सरकारी निर्णय प्रक्रियामा सहभागिताको सुनिश्चितता गरोस् ।

४. हामी अन्तराष्ट्रिय गैसस, नागरिक समाज, स्थानीय गैसस, दाता, र सरकारले प्रकोप जोखिम न्यूनीकरणमा गरेका प्रयासको सराहना गर्दछौं । हामी विश्वास गर्दछौं कि समुदाय तहमा हाम्रा उपलब्धिहरू हासिल गर्न र हाम्रा प्रयासहरूलाई अभिवृद्धि गर्न प्रशस्त अवसरहरू छन् । प्रकोप उत्थानशीलता बढाउन हामीसँग काम गर्दै आएका प्रमुख सरोकारवालाहरूबाट निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।

५. हामी विश्वास गर्दछौं कि जोखिम न्यूनीकरणको संस्कारलाई तल्लो तहका मानिसदेखि उच्च तहको सरकारी कार्यालयसम्म प्रोत्साहित गरिनु पर्दछ। हामी जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गर्न सरकारले आफ्ना प्रणालीहरूको सबै तहमा क्षमता विकास गरोस् र प्रकोपको सामना गर्ने समुदायको क्षमता निर्माणका लागि लगानी पनि गरोस् भन्ने आह्वान गर्दछौं ।

६. प्रकोप जोखिम न्यूनीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न तथा प्रकोप प्रभावित मानिसहरूको अधिकारलाई सम्बोधन गर्न प्राथमिकताका साथ लगानी गरिनु पर्दछ भन्ने हामी विश्वास गर्दछौं । सरकार, दाता र अन्तराष्ट्रिय समुदायसँग जनताको आवाज सुन्न र न्यून जोखिम युक्त राष्ट्र बनाउने हाम्रो चाहनालाई सम्पूर्ण रूपले सहयोग गर्न हामी आह्वान गर्दछौं ।

हामी विश्वास गर्दछौं कि नयाँ नेपालको सपना प्रकोपद्धारा अन्तर निहित जोखिम सम्बोधन नहुँदा सम्म साकार हुँदैन । प्रकोप जोखिम न्यूनीकरण एउटा विकल्प नभई राष्ट्रको लागि विकास प्रक्रियाको अत्यावश्यक पक्ष हो भन्ने हाम्रो अटल विश्वास छ ।

७. हामी सहकार्यको महत्वलाई बुझ्दछौं । नेपालमा प्रकोप जोखिम न्यूनीकरण प्रक्रियाप्रति हाम्रो अन्तरनिहित प्रतिबद्धता रहेको अवगत गराउँदछौं तथा सरकार, दाता, अन्तर्राष्ट्रिय समुदाय र अरु राष्ट्रिय सरोकारवालाहरूले न्यून जोखिम नेपाल बनाउन गरेका प्रयासहरूलाई सहयोग गर्ने हाम्रो प्रतिबद्धता जाहेर गर्दछौं ।

८. हामी विश्वास गर्दछौं कि नयाँ नेपालको सपना प्रकोपद्धारा अन्तरनिहित जोखिम सम्बोधन नहुँदासम्म साकार हुँदैन। प्रकोप जोखिम न्यूनीकरण एउटा विकल्प नभई राष्ट्रको लागि विकास प्रक्रियाको अत्यावश्यक पक्ष हो भन्ने हाम्रो अटल विश्वास छ।

९. हामी न्यून जोखिम युक्त नेपाल बनाउने हाम्रो लक्ष्य पूरा गर्न सरकारसँग मिलेर कार्य गर्ने प्रतिबद्धता पुन: एक पटक दोहोर्‍याउन चाहन्छौं ।



Photo: Action Aid Nepal